# संघीय संसद
# राष्ट्रिय सभा
# चौधौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# २१ जेठ २०८०
# आइतवार
# बैठक सङ्ख्या- ११, दोस्रो

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १३:३८ बजे प्रारम्भ भयो ।

(१३:४० बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, २९ मिनेट पछि बस्ने गरी स्थगित भएको बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, आजको कार्यसूचीको क्रम सङ्ख्या १, २ र ३ को विषयलाई कार्यसूचीबाट हटाइएको बेहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरू, अब म प्रतिनिधि सभाका पूर्वसदस्य एवम् संविधान सभा सदस्य तथा पूर्वराज्यमन्त्री मिना पाण्डेको निधन भएकोमा निम्न लिखित शोक प्रस्ताव प्रस्तुत गर्दछुः-

वि.सं. २००८ सालमा जन्मनुभएका प्रतिनिधि सभाका पूर्वसदस्य एवम् संविधान सभा सदस्य मिना पाण्डेको मिति २०८० साल जेठ १६ गते निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ ।

स्वर्गीय पाण्डे नेपाली काँग्रेस पार्टीको तर्फबाट २०४८, २०५१ र २०७४ मा प्रतिनिधि सभा सदस्य साथै २०६४ सालको संविधान सभा सदस्य हुनुहुन्थ्यो । साथै स्वर्गीय पाण्डे महिला, बालबालिका तथा समाजकल्याण राज्यमन्त्रीसमेत हुनुभएको थियो ।

यो बैठक स्वर्गीय पाण्डेप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछ ।

माननीय सदस्यहरू, उपरोक्त शोक प्रस्तावलाई पारित गरिदिनुहुन अनुरोध गर्दछु ।

(माननीय सदस्यहरूले हात उठाउनुभएको) ।

माननीय सदस्यहरू, उपरोक्त शोक प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

(माननीय सदस्यहरूले हात उठाउनुभएको) ।

माननीय सदस्यहरू, अब प्रतिनिधि सभाका पूर्वसदस्य एवम् संविधान सभा सदस्य तथा पूर्वराज्यमन्त्री मिना पाण्डेको निधनप्रति शोक व्यक्त गर्न उठेर १ मिनेट मौन धारण गरौं ।

(मौनधारण) ।

धन्यवाद ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८० साल जेठ २२ गते सोमवार अपराह्न १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०८० साल जेठ २२ गते सोमवार अपराह्न १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः- १३:४३ बजे ।**